# अति बिपन्न कृषक लक्षित कार्यक्रम संचालन कार्यविधि, २०७८

## आर्थिक वर्ष २०७८/७९

(माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत मिति २०७८/०७/०८)

**प्रदेश सरकार**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

# <u>अति बिपन्न कृषक लक्षित कार्यक्रम संचालन कार्यविधि, २०७८</u>

**<u>प्रस्तावना</u>**ः अति विपन्न कृषकहरुको निर्वाहमुखी र परम्परागत पशुपन्छी तथा मत्स्यपालनलाई मध्यनजर गरी सुधारिएका विधिहरु अवलम्बन गराउदै कृषकको जीविकोपार्जन सुधार तथा पोषण सुरक्षामा टेवा पुर्याउने उद्देश्यले सञ्चालन गर्न प्रदेश एकीकृत अनुदान व्यवस्थापन कार्यविधि, २०७६ को दफा ४ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले **अति बिपन्न कृषक लक्षित कार्यक्रम संचालन कार्यविधि, २०७८** बनाई लागु गरेको छ ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो कार्यविधिको नाम "अति बिपन्न कृषक लक्षित कार्यक्रम संचालन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;-

(क) **"आवेदक"** भन्नाले कार्यविधि र सार्बजनिक सूचना मुताबिक स्थानीय तहले अति बिपन्न भनि सिफारिस गरेको कृषक समूहलाई सम्झनु पर्छ।

(ख) **"कार्यालय"** भन्नाले मन्त्रालय र अन्तर्गका स्वीकृत कार्यक्रम बमोजिम बजेट खर्च गर्न अख्तियारी प्राप्त निकाय सम्झनु पर्छ ।

(ग) **"कृषक समूह"** भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता, चाहानाहरु र साझा उद्देश्य प्राप्तिका लागि नियमानुसार दर्ता भएको संस्थालाई सम्झनु पर्दछ ।

(घ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेश सम्झनु पर्छ ।

(ङ) **"प्रस्ताव"** भन्नाले कार्यालयले सार्बजनिक गरेको अनुदान सम्बन्धी सूचना अनुसार आवेदकले निर्धारित ढाँचामा तयार गरी पेश गरेको अवधारणा पत्र तथा कार्ययोजना सहितको आवेदन सम्झनु पर्छ ।

(च) **"विज्ञ केन्द्र"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(छ) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश सम्झनु पर्छ ।

(ज) **"साझेदार संस्था"** भन्नाले छनौट भई कार्यालय संग द्विपक्षीय सम्झौता गर्ने पशुपन्छी तथा मत्स्यपालनमा आबद्ध कृषक समूहलाई सम्झनु पर्दछ ।

३. **उद्देश्यः** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ;-

(क) पशुपन्छी तथा मत्स्यजन्य पदार्थ मार्फत अति बिपन्न कृषकको जीविकोपार्जन सुधार गर्ने,

(ख) पशुपन्छी तथा मत्स्य उत्पादनको उपलब्धता वृद्धि गरि आय आर्जन र पोषण सुरक्षामा टेवा पुर्याउने ।

## परिच्छेद-२

## कार्यक्रम संचालन प्रक्रिया

४. **संचालन गरिने क्रियाकलापहरुः** (१) बाख्रापालन कार्यक्रमः बाख्रापालन कार्यक्रम अन्तर्गत तपसिलका क्रियाकलापहरु संचालन गरिनेछ ।

क. खोर निर्माण तथा सुधार,

ख. प्रजनन् योग्य उन्नत बोका खरिद,

ग. स्थानीय जातको माउ बाख्रा खरिद (प्रति सदस्य २ वटा),

घ. घाँस खेति विस्तार,

ङ. स्थलगत तालिम (३ दिने),

च. परजीवी नियन्त्रण तथा खोप कार्य संचालन,

छ. प्राथमिक उपचारमा प्रयोग हुने औषधि खरिद ।

(२) पाडापाडी पालन कार्यक्रमः पाडापाडीपालन कार्यक्रम अन्तर्गत तपसिलका क्रियाकलापहरु संचालन गरिनेछ ।

क. गोठ निर्माण तथा सुधार,

ख. पाडा पाडी खरिद (प्रति सदस्य १ वटा),

ग. घाँस खेति विस्तार,

घ. स्थलगत तालिम (३ दिने),

ङ. परजीवी नियन्त्रण तथा खोप कार्य संचालन,

च. प्राथमिक उपचारमा प्रयोग हुने औषधि खरिद ।

(३) उपदफा (१) र (२) बमोजिमको कार्यक्रम संचालन गर्दा बढीमा ९० प्रतिशत सम्म अनुदान दिन सकिनेछ ।

५. **प्रस्ताव आह्वानः** कार्यालयले यस कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदक संस्थाहरुलाई लक्षित गरी प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा तिस (३०) दिनको म्याद राखि अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गर्नु पर्नेछ । माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा कार्यालयले पुनः पन्ध्र (१५) दिनको समय सिमा राखी एक पटकको लागि प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्न सक्नेछ ।

६. **<u>प्रस्ताव दर्ताः</u>** यो कार्यक्रममा सहभागी हुन ईच्छुक साझेदार संस्थाले दफा ५ बमोजिमको समय सिमा भित्र सूचनामा उल्लेख भए अनुसारका कागजात सहित अनुसूची-२ बमोजिमको आवेदन पत्र र अनुसूची-३ बमोजिमको कार्ययोजना सहित आवेदन दर्ता गर्नु पर्नेछ ।

७. **<u>प्रस्ताव मूल्यांकन तथा स्थलगत प्रमाणीकरणः</u>** (१) प्राप्त भएका प्रस्तावहरुको प्रारम्भिक मूल्यांकन गरी स्थलगत प्रमाणिकरण पश्चात कार्यालयमा स्वीकृतिका लागि सिफारिस गर्न सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।

(२) उपदफा (१) अनुसार गठित समितिले आवश्यक ठानेमा बढीमा २ जना सम्म विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

८. **<u>प्रस्तावको जानकारीः</u>** स्वीकृत भएका प्रस्तावहरुको जानकारी र प्रस्ताव छनौट बारे निवेदन/उजुरी गर्न सम्बन्धित संस्थालाई सात (७) दिनको समय सिमा राखी सूचना प्रकाशन गरिनेछ ।

९. **<u>सम्झौताः</u>** (१) स्वीकृत प्रस्तावका आवेदकहरुसंग कार्यालयले अनुसूची-५ बमोजिमको द्विपक्षीय सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नेछ ।

(२) तोकिएको अवधिभित्र द्विपक्षीय सम्झौता हुन नसकेमा योग्यता क्रमको आधारमा छनौट हुने आवेदकसंग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिने छ ।

## परिच्छेद-३
## <u>कार्यक्रम संचालनको आर्थिक पक्ष</u>

१०. **<u>भुक्तानी प्रक्रियाः</u>** (१) अनुदान रकम सम्झौता भएको मिति भन्दा पहिले सम्पन्न भएका कार्यहरुमा खर्च गर्न पाइने छैन ।कार्यक्रम सञ्चालनको लागि बढीमा ९० प्रतिशत अनुदान प्रदान गरिनेछ ।

(२) सम्बन्धित साझेदारले सम्झौता अनुसारको कार्य सम्पन्न गरेपछी नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिबेदन (भौतिक संरचनाको हकमा), बिल, भर्पाइ, सम्बन्धित वडाको सिफारिस र अन्य आवश्यक कागजातका साथ भुक्तानीका लागि अनुरोध गरे पश्चात सम्बन्धित कार्यालयले स्थलगत निरीक्षण गरी मनासिव ठहरेमा अनुदान रकममा नियमानुसार कर कट्टा गरि हुन आउने रकम साझेदारको बैंक खातामा भुक्तानी गर्नेछ । साझेदार संस्थाले सम्झौता अनुसार पेश्की रकम माग गरेमा रनिङ्ग

बिलका आधारमा अनुदान रकमको बढीमा २५ प्रतिशत सम्म पेश्की स्वरूप उपलब्ध गर्न सक्नेछ ।

## परिच्छेद-४

## विविध

११. **अनुगमन तथा मूल्यांकन**ः यस कार्यक्रमको अनुगमन तथा मूल्यांकन मन्त्रालय, निर्देशनालय र विज्ञ केन्द्रले आवश्यकता अनुसार गर्न सक्नेछ ।

१२. **प्रगति प्रतिबेदन**ः अनुदान प्राप्त गर्ने साझेदार संस्थाले चौमासिक र वार्षिक रुपमा प्रगति प्रतिबेदन सम्बन्धित कार्यालयमा र कार्यालयले एक तह माथिको पठाउनु पर्नेछ ।

१३. **बाधा अड्काउ फुकाउने**ः यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन र परिमार्जन गर्न सक्नेछ ।

१४. **कारबाहीको व्यवस्थाः** साझेदारले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित असुल उपर गरिनेछ र दुई (२) वर्ष सम्म प्रदेश सरकारबाट संचालन हुने अनुदानको कार्यक्रममा समावेश गरिने छैन ।

१५. **प्रचलित कानुन बमोजिम हुने**ः यस कार्यविधिमा उल्लेख भएका बुँदाहरु प्रचलित कानून संग बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ ।

अनुसूची-१

<u>(दफा ५ संग सम्बन्धित)</u>

<u>प्रस्ताव आह्वानको सूचनाको ढाँचा</u>

प्रथम पटक प्रकाशित मितिः..........................

........*(कार्यालयको नाम)*............आ.व................को स्वीकृत वार्षिक कार्यकम अनुसार........*(कार्यक्रमको नाम)*.....कार्यक्रम संचालनका लागि ......*(कार्यक्रम क्षेत्र)*....... अन्तर्गतका ईच्छुक कृषक समूहले यो सूचना प्रकाशित मितिले तिस (३०) दिन भित्र रु. दश (१०) को हुलाक टिकट टाँसी अति बिपन्न कृषक लक्षित कार्यक्रम संचालन कार्यविधि, २०७८ को अनुसूची-२ बमोजिमको आवेदन पत्र, अनुसूची-३ बमोजिमको कार्ययोजना र तपसिल अनुसारका कागजातहरु अनिवार्य रुपमा संलग्न राखी .....*(कार्यालयको नाम)*............मा आबेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगी दर्ता भएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने छैन ।

संग्लग्न राख्नुपर्ने कागजातहरुः

१) सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि,

२) कृषक समूह दर्ता प्रमाण पत्रको प्रतिलिपि,

३) समूहको बैठक निर्णय प्रतिलिपि,

४) जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा पाँच (५) वर्षको करार सम्झौता पत्र,

५) सम्बन्धित स्थानीय तहले अति बिपन्न कृषक भनि गरेको सिफारिस पत्र,

६) अनुसूची-४ बमोजिमको कार्य स्थान खुल्ने नक्सा ।

अनुसूची-२

<u>(दफा ६ संग सम्बन्धित)</u>

**<u>आवेदनको ढाँचा</u>**

श्रीमान् कार्यालय प्रमुख ज्यू,

मितिः.................

................(कार्यालयको नाम)..................

विषयः प्रस्ताव पेश गरिएको बारे ।

महोदय,

तहाँ कार्यालयको मिति ...... मा .......... राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार "......................कार्यक्रम" संचालन गर्ने इच्छा भएकोले तपसिल अनुसारका कागजातहरु संग्लग्न राखी यो निबेदन पेश गरेको छु/छौं । उक्त कार्यक्रम प्राप्त भएमा द्विपक्षीय सम्झौता र कार्यविधिमा भएका शर्त र मापदण्ड परिपालना गरि कार्यकम संचालन गर्ने प्रतिबद्धता गर्दछु/छौं साथै सम्झौता र मापदण्ड विपरित गरेको पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौं ।

संग्लग्न कागजातहरु,

१) ..........................,

२) ..........................,

औंठा छाप

| दाँया | बाँया |
|---|---|
| | |

आवेदकको नामः

पदः

ठेगानाः

संस्थाको नामः

संस्थाको छापः

सम्पर्क नं. :

अनुसूची-३

(दफा ६ संग सम्बन्धित)

कार्ययोजना

१. आवेदक संस्थाः

१.१ आवेदक संस्थाको नाम तथा ठेगानाः

| | | |
|---|---|---|
| आवेदक संस्थाको नाम | : | |
| ठेगाना | : | |
| संस्था दर्ता भएको मिति र निकाय | : | |
| सम्पर्क व्यक्तिको नाम र पद | : | |
| सम्पर्क नं. | : | |
| इमेल | : | |
| कार्यकम हुने स्थान | : | |

१.२ कृषकको विवरण

| क्र.स. | नाम | पद | परिवारमा सदस्य संख्या | मुख्य आय श्रोत | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |
| १०. | | | | | |

२. पशुपन्छी तथा मत्स्यपालनको अवस्थाः

| क्र.स. | पशु प्रजाति | हाल पालिरहेको संख्या/क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १. | | | *पशुपन्छीको शारीरिक अवस्था (पाडा/पाडी/पाठा/पाठी/माउ/भाले आदि) अनुसार छुट्टा छुट्टै उल्लेख गर्नु पर्ने)* |
| २. | | | |
| ३. | | | |

३. जग्गा सम्बन्धि विवरण

| क्र.स. | जग्गा धनिको नाम | जग्गाको क्षेत्रफल | कित्ता न. | कैफियत |
|---|---|---|---|---|
| (क) | भौतिक संरचना | | | |
| | | | | |
| | | | | |
| (ख) | घाँस खेति | | | |
| | | | | |
| | | | | |

४. वर्तमान समस्याहरुः

(क) ........................................................................

(ख) ........................................................................

(ग) ........................................................................


५. विगत ५ वर्ष यता कुनै आयोजना परियोजनाले कृषि, पशुपन्छी तथा मत्स्य सम्बन्धि कार्यमा आर्थिक सहयोग गरे/नगरेको :

यदि गरेको भए उल्लेख गर्ने;

| क्र.स. | आयोजना/परियोजनाको नाम | लागु भएको अवधि | लगानी क्षेत्र (कृषि/पशु/मत्स्य पालन) | अनुदान रकम | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची- ४

**<u>सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र देखि कार्यक्रम संचालन गरिने स्थान सम्मको नक्सा</u>**



## अनुसुची-५

**(दफा-९ संग सम्बन्धित)**

**द्विपक्षिय सम्झौता पत्र**

आर्थिक वर्ष .... मा संचालन हुने .......... कार्यक्रमका लागि .........*(कार्यालयको नाम)*............ (यसपछि प्रथम पक्ष भनिने) र छनौट भएका ................ पालक साझेदार संस्था..............................(यसपछि दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तानामाहरुको अधिनमा रही कार्यक्रम संचालन गर्न द्विपक्षिय सम्झौता गरी एक/एक प्रति बुझि लियौं/दियौं |

**तपसिलः**

१. प्रथम पक्षले..........................कार्यक्रम संञ्चालनका लागि इस्टिमेट गरिएको रकम रू..............(अक्षेरुपी..........) को कार्य सम्पन्न भए पछी ........*(कार्यालयको नाम)*.......... बाट उपलब्ध गराइने अनुदान रकम रु..............(अक्षेरुपी...........) मा नियमानुसार कर कट्टी पश्चातको रकम दोश्रो पक्षलाई वैंक खाता मार्फत भुक्तानी गर्नेछ |

२. दोश्रो पक्षले सम्झौता अनुसार मिति ....................भित्र इस्टिमेट अनुसारको कार्य सम्पन्न गरिसक्नु पर्नेछ |

३. दोश्रो पक्षले सम्झौता अनुसारको कार्य सम्पन्न गरेपछि नेपाल सरकारबाट मान्यता प्राप्त प्राबिधिकले तयार गरेको कार्य सम्पन्न प्रतिबेदन (भौतिक संरचनाको हकमा), बिल, भर्पाइ, सम्बन्धित वडाको सिफारिस र अन्य आवश्यक कागजातका साथ् भुक्तानीका लागि अनुरोध गरे पश्चात सम्बन्धित कार्यालयले स्थलगत निरीक्षण गरी मनासिब ठहरेमा नियमानुसार प्रथम पक्षले भुक्तानी गर्नेछ |

४. दोश्रो पक्षले पशु/मत्स्य बिमा गरि बिमा अभिलेख प्रथम पक्षलाई पेश गर्नु पर्नेछ |

५. प्रथम पक्षले कुनैपनी बखत संञ्चालीत कार्यको अनुगमन निरिक्षण गरी सम्झौता मुताविक कार्य भए /नभएको सल्लाह/सुझाव दिन सक्नेछ |

६. दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको चौमासिक प्रगती उपलब्धी एंव कारोवार सम्बन्धी विवरणहरु प्रथम पक्षलाई अनिबार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

७. दोस्रो पक्षले सम्झौता अनुरुप कार्य नगरेमा प्रथम पक्षले अनुदान रकम भुक्तानी गर्ने छैन |

८. दोस्रो पक्षले कार्यक्रम अधुरो छाडी अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रथम पक्षले अनुदान रकम प्रचलित कानून बमोजिम सरकारी बाकी बक्यौदा सरह असुल उपर गर्नेछ ।

९. कार्यक्रम संञ्चालनको दौरानमा कुनै बिषय हेरफेर वा परिमार्जन गर्नु पर्दा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ |

१०. सम्झौतामा उल्लेख हुन छुटेको बिषयको हकमा प्रचलीत कानून बमोजिम हुनेछ ।

इतिसम्वत्.............साल..........महिना.............गते रोज.............शुभम्।

**अनुसूची-६**

**सार्वजनिक सुचना पाटी**

(साइजः ५ फिट x ४ फिट)

प्रदेश सरकार

बागमती प्रदेश

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**

............................

कार्यक्रम/आयोजनाको नामः...................................

आयोजना संचालन गर्ने समूहको नाम :.......................

ठेगानाः...............................

कार्यक्रम/आयोजनाको कुल लागतः रु. .....................

अनुदान रकमः रु........................

साझेदार संस्थाको सहभागिताः रु.....................

आयोजना अवधीः .................. देखि ......................

लाभग्राही संख्याः महिला...................         पुरुष......................

कुल......................

दलित.....................         जनजाति..................

अन्य......................

*(द्रष्टव्यः सार्बजनिक सूचना पाटी फलामको फ्रेममा इनामेलको प्रयोग गरी लेखेको हुनु पर्ने ।)*